नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
**केन्द्रीय पञ्जीकरण विभाग**
बबरमहल, काठमाण्डौ

फोन नः- ०१-४२५७७८३
फ्याक्सः- ०१-४२५८२४०

प.सं. :-सा. सु. शाखा२०७४/०७५
च.नं. :- ६४५

मिति :- २०७४/१२/१५

**विषय :- प्रचार प्रसार गराई आवश्यक कार्यान्वयन गर्ने बारे ।**

**श्री महानगरपालिका कार्यालय, सवै**
**श्री उपमहानगरपालिका कार्यालय, सवै**
**श्री नगरपालिका कार्यालय, सवै**
**श्री गाऊँपालिका कार्यालय, सवै ।**

उपरोक्त विषयमा नेपाल सरकार बाट प्रदान गरिएको सामाजिक सुरक्षा भत्ता नगरपालिका तथा गाऊँपालिकाहरुका वडाहरु मार्फत वितरण भैरहेकोमा नेपाल सरकार बाट निवृत्तिभरण पाइरहेका व्यक्तिहरुले जेष्ठ नागरिक भत्ता समेत बुझिरहेका भन्ने उजूरी प्राप्त भएकोमा यस विभागको गम्भिर ध्यानाकर्षण भएको छ । **सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ (संशोधन सहित) को परिच्छेद ३ लाभग्राहीको अभिलेख दफा ८ (छ) बालबालिका पछि निम्न बाक्यांस उल्लेख भएको छ : "तर नेपाल सरकार वा नेपाल सरकारबाट मान्यता प्राप्त संघ संस्थाबाट मासिक रुपमा तलव, भत्ता, पेन्सन वा यस्तै प्रकारका अन्य कुनै मासिक सुविधा पाइरहेका व्यक्तिहरुले सामाजिक सुरक्षा भत्ता पाउने छैनन् । साथै कुनै बालबालिकाको आमा वा बावु मध्ये कुनै एक सरकारी वा औपचारिक सेवामा कार्यरत भएमा वा कुनै व्यवसाय दर्ता गरी सञ्चालन गरिरहेको भएमा यो भत्ता प्राप्त हुने छैन । उपरोक्तानुसार सेवा वा व्यवसाय सञ्चालन गरे नगरेको बारे निवेदक (आमा वा बावु)ले स्वघोषणा गर्नुपर्नेछ ।"** उक्त अनुसार दोहोरो सुविधा दिन नमिल्ने व्यहोरा सर्वसाधारणलाई जानकारी गराउन वडा वडा बस्ती बस्तीमा सार्वजनिक सूचना टाँस गराई प्रचार प्रसार गरी सहयोग हुन अनुरोध छ ।

(बेद बहादुर कार्की)
महानिर्देशक

**बोधार्थः**
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, सवै ।